# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन,
वागमती प्रदेश,नेपाल

**BHARATPUR METROPOLITAN CITY**
**Office of Municipal Executive**
Bharatpur, Chitwan
Bagmati province, Nepal

प.सं. ०७९/८० पञ्जीकरण
च.नं. ८१८

मिति: २०८०/०१/१५

**विषय: विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
भरतपुर महानगरपालिका, भरतपुर, चितवन ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई उनीहरुको बैंक खातामा नियमानुसारको भत्ता रकम Electronic Funds Transfer (EFT) मार्फत पठाउनको लागि भरतपुर महानगरपालिका पनि छनौट भएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०७९/८० च.नं. १०७ मिति २०८०/०१/१० को परिपत्र यसै पत्र साथ संलग्न छ । विभागको निर्देशन अनुसार लाभग्राहीहरुको बैंकमा KYC अद्यावधिक नभएको तथा सामाजिक सुरक्षाको अनलाईन प्रणालीमा लाभग्राहीहरुको अंग्रेजी नाम, जन्म मिति, नागरिकता प्रमाणपत्र नम्बर, जारी मिति, जारी जिल्ला लगायतका सम्पुर्ण विवरणहरु अद्यावधिक नभएको अवस्थामा लाभग्राहीहरुको खातामा EFT मार्फत रकम जम्मा हुन नसक्ने भई लाभग्राहीहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नबाट वञ्चित भएमा त्यसको जिम्मेवारी वडा कार्यालय स्वयंको हुने हुँदा यथासिघ्र लाभग्राहीहरुको बैंकमा KYC अद्यावधिक गर्न/गराउन लगाई अनलाईन प्रणालीमा रहेका लाभग्रहीहरुको विवरण यथासिघ्र शत प्रतिशत अद्यावधिक गर्नु/गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

२०८०/०१/१५

(भोजराज रेग्मी)
अधिकृतस्तर छैटौं
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

फोन नं.: ०५६-४९३१३९
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा ईमेल: bharatpurmetrocity.panjikaran@gmail.com
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७३।८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १०६

मिति : २०८०/१/१०

विषयः विवरण अद्यावधिक गर्ने सम्बन्धमा।

श्री पोखरा महानगरपालिका, कास्की
श्री रत्ननगर नगरपलिका, चितवन
श्री भरतपुर महानगरपालिका, चितवन
श्री व्यास नगरपालिका, तनहुँ
श्री तानसेन नगरपालिका, पाल्पा
श्री रेसुंगा नगरपालिका, गुल्मी
श्री वालिङ्ग नगरपालिका, स्याङ्जा
श्री तुल्सिपुर उपमहानगरपालिका, दांग
श्री सुस्ता नगरपालिका, नवलपरासी
श्री शिवराज नगरपालिका, कपिल्वस्तु
श्री बाणगंगा नगरपालिका, कपिल्वस्तु
श्री बर्दघाट नगरपालिका, नवलपरासी
श्री तिलोत्तमा नगरपालिका, रुपन्देही
श्री कोहलपुर नगरपालिका, बाँके
श्री देवदह नगरपालिका, रुपन्देही
श्री धनकुटा नगरपालिका, धनकुटा
श्री नारायण नगरपालिका, दैलेख
श्री गैडाकोट नगरपालिका, नवलपरासी
श्री जलेश्वर नगरपलिका, महोत्तरी
श्री घोराही उपमहानगरपालिका, दांग

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुलाई बैंक खातामा नियमानुसारको भत्ता रकम Electronic Funds Transfer (EFT) मार्फत पठाउन ५० वटा स्थानीय तहमा नमूना परिक्षण गर्न गृह मन्त्रालयको मिति २०७९/१२/१६ को (सचिवस्तर) निर्णयानुसार स्वीकृति प्राप्त भएकोले सम्बन्धित स्थनीय तहहरुले देहाय अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।
देहायः

१. EFT मार्फत सामाजिक सुरक्षा भत्ता पठाउनको लागि लाभग्राहीको विवरण तथा बैंक खाता नम्बर वास्तविक तथा यथेष्ट हुनपर्ने भएको हुँदा लाभग्राहीले KYC अद्यावधिक नगरेको भए तत्काल अद्यावधिक गर्न लाभग्राहीलाई जानकारी गराउने।
२. तहाँ प्रणालीमा प्रविष्टि भएको लाभग्राही विवरणमा नागरिकतामा उल्लिखित नागरिकता नम्बर, जारी जिल्ला, जारी मिति लगायतको विवरण उल्लेख नभएमा तत्काल यकिन गरी पुरा विवरण प्रविष्टि गर्ने गराउने।
३. सम्बन्धित बैंकमा रहेको लाभग्राहीको खाताम नम्बर र तहाँ स्थनीय तहको व्यवस्थापन सूचना प्रणालीमा रहेको खाता नम्बर भिडान गरी एकरुपता कायम गर्ने।

२०८०/०१/१०
(मेघ राज शंकर)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय,
सिंहदबार, काठमाडौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय
अनामनगर, काठमाडौं।